# नमस्कार



## सहजकर्ता

## ज्ञानमणि न्यौपाने

gyanups@gmail.com

९८४१६४६७४४





परिचय

Intro

हामि को हौं ?






## सहकारी संस्थामा वित्तीय स्रोत व्यवस्थापन

१. वित्तीय स्रोत परिचय

२. सहकारीका वित्तीय स्रोतहरु,

३. श्रोतको परिचालनका पूर्व शर्तहरु,

४. सहकारीका वित्तीय श्रोतको परिचालन गर्दा ध्यान दिनुपर्ने प्रमुख पक्षहरु,

५. सहकारी वित्तीय श्रोतहरुको विनियोजन र महत्तम उपयोग तरिका,

६. आन्तरिक स्रोत परिचालनका प्रभावकारी उपायहरु,

७. सहकारी वित्तीय स्रोत परिचालनमा हाल देखिएका समस्याहरु ।

## १. वित्तीय श्रोतको परिचय :

क) वित्तीय श्रोतको परिचय :

- व्यक्ति, संस्था तथा राज्यको लागि आवश्यक पर्ने आर्थिक साधन वित्त हो भने उक्त वित्त प्राप्त गर्ने बाटो वा माध्याम वित्तीय स्रोत हो ।
- उदाहरणको लागि, कुनै पनि संगठनलाई आवश्यक सम्पत्ति जोड्न, लगानी गर्न वा वढाउन, खर्च धान्न आवश्यक पर्ने रकम विभिन्न स्रोतहरुबाट प्राप्त गरिन्छ ।


जस्तै : शेयर पुँजी, कोष, वचत, ऋण, पुँजीगत अनुदान तथा अन्य दायित्वहरु वित्तीय स्रोत हुन ।

## वित्तीय श्रोतको परिचय :

ख) वित्तीय श्रोतको परिचालन के हो ?

- संगठनको पूर्व निर्धारित लक्ष्य उद्धेश्य पूरा गर्न स्रोत साधनको खोजी गर्ने, लागत विश्लेषण गर्ने, संकलन गर्ने र उपयोग गर्ने सम्मको समग्र प्रकिया हो ।
- स्रोत परिचालनले समय र लागतको हिसावले प्रभावकारी तथा सक्षमता साथ परिचालन गर्ने प्रणाली हो ।
- स्रोतसाधनको स्रोत संकलन गरी त्यसको महत्तम उपयोग पद्धति हो ।

# सहकारी स्रोत परिचालन




# २. सहकारीका वित्तीय स्रोतहरु

सहकारी संस्थाको वित्तीय स्रोतका सम्वन्धमा सहकारी ऐन २०७४, तथा सहकारी संस्था स्वयंको विनियममा स्पष्ट व्यवस्था :

- सदस्यहरुबाट संकलित अंसधन (शेयरपूंजी),
- संस्थागत पूंजीको रुपमा रहने जगेडा कोष र अन्य कोषहरु,
- सदस्यहरुबाट संकलित बचत रकम,
- व्यवसायिक कार्यवाट आर्जित रकम
- सदस्यता प्रवेश शुल्क
- अन्य स्रोत: सहायता, बीउपूंजी, अनुदान, ऋण, आदि ।

# ३. वित्तीय स्रोत परिचालनका पूर्व शर्तहरु

- सहकारी संस्थाको पूंजी सदस्यहरुले नै जम्मा पारेको हुनुपर्दछ ।
- पूंजीमा योगदान सदस्यताको शर्तको रुपमा रहनु पर्दछ ।
- पुंजीको उपयोगका साथै प्रतिफलको वितरणमा सदस्यहरुको लोकतान्त्रिक नियन्त्रण कायम राख्नुपर्दछ ।
- पूंजीमा नाफारी प्रतिफल (Speculative Return) होइन, दिने भए सीमित मात्रमा क्षतिपूर्ति दिनुपर्दछ ।
- सहकारी संस्थाले आफ्नो कारोवारबाट भएको उवार बचत (surplus) लाई अविभाज्य जगेडा कोष खडा गर्न, सदस्यहरुलाई कारोवारको आधारमा फिर्ता गर्न र सदस्यहरुको निर्णय अनुसार अन्य उपयुक्त क्रियाकलापमा सहयोग गर्न उपयोग गर्नुपर्दछ ।

# ४. सहकारी संस्थाका वित्तीय श्रोतको परिचालन गर्दा ध्यान दिनुपर्ने प्रमुख पक्षहरु :

- सदस्यको आवश्यकता र हित,
- स्रोत परिचालनको क्षेत्र,
- संस्थाको उद्देश्य,
- संस्थागत सुशासन,
- सञ्चालकीय सक्षमता,
- लगानीको उचित प्रतिफल,
- सम्पत्तीको गुणस्तर,
- अंशधन र जगेडा कोषको उपलब्धता,
- वित्तीय स्रोत परिचालनमा सदस्यको सहभागिता, स्वामित्व र उपयोग ।

## ५. सहकारी वित्तीय श्रोतहरुको विनियोजन र महत्तम उपयोग तरिका :

क) सहकारी संस्थाको वित्तीय स्रोतको वर्गीकरण मूल रुपमा दुई भागमा गर्न सकिन्छ ।

१. स्वतन्त्र स्रोत (अंसधन, जगेडा कोष र घाटापूर्ति कोष)

२. नियन्त्रित स्रोत (सदस्यको बचत, अनुदान तथा ऋण) ।

## ख) सहकारी वित्तीय श्रोतहरुको विनियोजन र महत्तम उपयोग तरिका :

- सहकारीले आफुसँग भएको वित्तीय श्रोतहरुको उपयोग गर्दा संस्था र सदस्यको आवश्यकता र सशक्तिकरणको लागि श्रोतको विनियोजन अधिकार आफुमा राख्नु पर्दछ ।
- सहकारीले संस्थामा भएको वित्तीय श्रोतमध्ये नियन्त्रित श्रोतहरु स्वतन्त्रतापूर्वक विनियोजन गर्न वित्तीय दवाव हुन्छ ।

तर अंसधन, जगेडा कोष, घाटापूर्ति कोषको रकम जस्ता संस्थाका स्वतन्त्र श्रोत परिचालनमा विनियोजनको अधिकार सुनिश्चित हुन्छ ।

## ख) श्रोतको विनियोजन र महत्तम उपयोग तरिका ...

- *संस्थामा रहेका स्वतन्त्र स्रोत संस्थाले स्वतन्त्र रुपमा परिचालन गर्न सक्दछ भने नियन्त्रित स्रोतलाई शर्तले नियन्त्रण गरेको हुन्छ । नियन्त्रित स्रोत परिचालन गर्दा सधै फिर्ता गर्ने पिरलो, लगानीबाट प्रतिफलको संभावना अनिश्चित रहन्छ । त्यसैले त भनिन्छ । ऋणका छोराछोरी, तापसका खेतवारी ।*
- *शर्तले जटिलता निम्त्याउंछ भने स्वतन्त्रताले सशक्तीकरण गर्दछ ।*
- *तसर्थ स्वतन्त्र स्रोत र नियन्त्रित स्रोतलाई एउटा निश्चित अनुपातमा कायम राखेर कारोवार गरेमा सहकारी संस्थाको स्रोत परिचालन प्रभावकारी हुन्छ जसको फलस्वरुप संस्थाको आन्तरिक पूंजी पनि बढ्दै जाने, सदस्यमा बचत गर्ने बानीको विकास हुँदै जाने र आवश्यकता अनुसार बाह्य पूंजी समेत जटाई अघि बढन सकिन्छ ।*

## ख) श्रोतको विनियोजन र महत्तम उपयोग तरिका ...

- विनियोजनको अधिकार प्रयोग गर्दा कामका सिलसिलामा अनुभव गरिएको आवश्यकता, ति आवस्यकताका आधारमा तिनको प्राथमिकीकरण र लक्ष्यित समूहलाई प्राथमिकतामा राखेर ती समूहवाट सञ्चालन हुन सक्ने परियोजना छनौट गर्नु पर्दछ ।
- तसर्थ स्वतन्त्र स्रोत र नियन्त्रित स्रोतको अनुपातको एउटा महत्तम उपयोग गरी सहकारी मार्फत सदस्यको बृहत्तर हितमा परिचालन गर्न सकिन्छ ।
- स्वतन्त्र स्रोतबाट दवावबाट मुक्ति हुने र सोहि स्रोतको परिचालनले संस्थामा सशक्तिकरण हासिल हुन्छ ।

# फरक स्रोत र फरक विनियोजनको अधिकार

बढी

| | आफ्नो | अर्काको |
|---|---|---|
| बढी | अंसधन, जगेडा कोष | बीउ पूंजी |
| घटी | सदस्यको बचत | अनुदान, ऋण |

घटी

# ६. आन्तरिक स्रोत परिचालनका प्रभावकारी उपायहरु :



## (क) सहकारी स्रोत परिचालनमा सीमा

| स्रोत | सीमांकन | कारण | कैफियत |
|---|---|---|---|
| सदस्यको बचत | सदस्यलाई नै ऋण दिने बाहेक अन्य कुनै प्रयोजनमा उपयोग गर्नमा वैधानिक रोक | सर्वमान्य वित्तीय अनुशासन | तरलता बढी भए केन्द्रिय बैंकको ट्रेजरी बिल र सरकारको विकास ऋणपत्र खरिद गर्न सकिने |
| अन्य जुनसुकै | अर्को कम्पनी वा निकायको अंसधन वा ऋणपत्र खरिद गर्नमा सैद्धान्तिक रोक | नाफामा सहभागी नहुने मान्यता | सदस्यको बचत वाहेकको रकमबाट सहकारी संघको अंसधन खरिद गर्न वाधा नपर्ने। |

## (ख) सर्वोत्तम स्रोत अंसधन परिचालनका उपाय

| उपाय | उदाहरण |
|---|---|
| सेवा उपयोगको अनुपातमा थप अंस | प्रत्येक थप रोपनी चिया खेतीको एक अंस, प्रत्येक २ घार मौरीको एक अंस |
| न्यूनतम परिमाण माथिको सेवामा थप अंस | रु ३० हजार माथिको ऋण लिन थप अंस |
| स्वैच्छिक प्रोत्सहान | नसक्नेले एक, सक्नेले बढी |
| खास सदस्य समूहको योजनामा लगानी गर्न त्यै सदस्यसमूहको थप अंस | वडा संकलन (सेवा) केन्द्र, तोफू उत्पादन समूह |
| सीमित क्षतिपूर्ति | व्याज वितरण |
| पारदर्शी अभिलेख | पासपुस्तिका (पासबुक) को चलन |

सर्तकता : कृत्रिम छेकवारको डर

## (ग) संवेदनशील स्रोत बचत परिचालनको असल अभ्यास

| बचतको स्वभाव | स्वभाव अनुसारको उपयोग | तर्क |
|---|---|---|
| सदस्यको पैसा | सदस्यमै लगानी | भूक्तानीमा सामाजिक दवाव |
| धेरैजना सदस्यबाट संकलन | धेरैजना सदस्यमा वितरण | सबैजना बेइमान हुँदैनन |
| थोरै थोरै जम्मा | थोरै थोरै जिम्मा | डुब्दा संस्था डुब्दैन |
| भनेको बेलाको भाखा | अल्पकालीन भाखा | फिर्ता क्रम निरन्तर रहन्छ |
| जमान कमानको धन | जमान कमानको ऋण | सबै पैसा डुब्दैन |

## (घ) सामाजिक पूंजी : जगेडा कोष

*अविभाज्य*

जगेडा कोष निर्माणको उद्धेश्य व्यक्ति माझ वितरण गर्न नभई वर्तमान र भावी सदस्यहरुको संयुक्त लाभका लागि पूंजी निर्माण गर्नु हो ।

(सहकारी संस्थामा सदस्यहरु हकवाला नभएर जिम्मावाल हुन्छन् ।)

## सामाजिक पूंजी : जगेडा कोष

जगेडा कोष संस्थाको अविभाज्य आन्तरिक स्रोत भएकाले यो :

- अनिश्चितताको जोहो हो
- थप स्रोत परिचालनको आधार हो
- स्थिरताको प्रतीक हो

*हालको कानूनी व्यवस्था : बचतको २५ प्रतिशत न्यूनतम जगेडा कोषमा सार्नुपर्ने व्यवस्था तर यसलाई बढाएर ३५ प्रतिशत बनाउनु उपयुक्त हुन्छ कि (?)*

## जगेडा कोष परिचालनमा हाल देखिएका केही विसंगतिहरु :

- जगेडा कोष वर्तमान सदस्यहरुमा भाग गरी नयां सदस्यहरुबाट सो बराबरको रकम लिने ।
- जगेडा कोषबाट संस्थाको घाटापूर्ति गर्ने, लाभांश वितरण गर्ने तथा अन्य प्रयोजनमा खर्च गर्ने ।
- संस्था छोड्दा सदस्यहरुले जगेडा कोषको रकमको समेत हिस्सा माग गरी विवाद गर्ने ।

*(सहकारी शिक्षाको कमी)*

## महत्तम सूत्र (Optimal Formula)

**स्वतन्त्र स्रोत : नियन्त्रित स्रोत**

(अंशधन + जगेडा कोष + घाटापूर्ति कोष) : (सदस्यको बचत + अन्यत्रको अनुदान + अन्यत्रको ऋण)

## ७. सहकारी वित्तीय स्रोत परिचालनमा हाल देखिएका समस्याहरु :

- सहकारी संस्थाहरुले सदस्य केन्द्रित र कार्यक्षेत्र केन्द्रित भएर स्रोत परिचालन नगर्ने परिपाटी,
- सहकारी क्षेत्रको व्यवसायिक क्षमता अपेक्षाकृत रुपमा कमजोर हुनु, प्रतिस्पर्धात्मक क्षमता कम हुनु, तथा सदस्य सेवामुखी भन्दा पनि नाफामुखी भएर संचालन हुने परिपाटी । सदस्यहरुमा पनि संस्थाबाट सेवा लिनुभन्दा शेयरमा लाभांशको अपेक्षा रहनु ।
- संस्थाभित्रको आन्तरिक नियन्त्रण प्रणाली कमजोर, पारदर्शीता र जवाफदेहितामा कमी भएबाट संस्थागत निर्णय भन्दा पनि व्यक्ति हावी हुने परिपाटी,

## ७. स्रोत परिचालनमा हाल देखिएका समस्याहरु :......

- सबै विषयको सहकारी संस्थाहरु बचत संकलनमा मात्र आकर्षित हुनु, आकर्षक व्याजको प्रलोभन देखाई बचत आकर्षित गर्ने तथा कमिशन एजेन्टबाट समेत बचत संकलन गर्ने परिपाटी जसबाट कोषको मूल्य (Cost of Fund) बढी हुनु ।
- ऋण मूल्यांकन एवं लागनी प्रक्रिया र अभिलेख प्रणाली कमजोर हुनु, विना सुरक्षण कर्जा प्रवाह, जोखिम व्यहोर्ने कोषको व्यवस्था तथा जोखिम न्यूनिकरणका उपायहरु प्रति सजग नहुने प्रवृत्ति ।

## ७. सहकारी वित्तीय स्रोत परिचालनमा समस्याहरु

................

- संकलित बचत रकम ऋण लगानी भन्दा पनि अन्य अनुत्पादक क्षेत्रमा लगानी हुनु ।
- खर्च प्रणाली अपारदर्शी तथा साधारण सभाको निर्णय विना खर्च गर्ने, संरक्षित पूंजीकोष वितरण भन्दा पनि शेयर लाभांश वितरणमा आकर्षण हुनु तथा खूद बचत गणनाअघि नै शेयर लाभांश वितरण गर्नु ।
- बचत संकलन र ऋण लगानीलाई पुंजीकोषसंग सामञ्जस्य कायम गरी कारोवार नगर्नु ।

# सहकारी स्रोत परिचालन (????)





# वासलात व्यवस्थापन

# Balance Sheet Management

## Wikipedia:

A balance sheet is a financial statement that contains details of a company's assets or liabilities at a specific point in time. It is one of the three core financial statements (income statement and cash flow statement being the other two) used for evaluating the performance of a business.

व्यवसायिक सगंठनको एक निश्चित अवधिको वित्तीय स्थितिको अवस्था वा वित्तीय संरचना वासलात हो । यसलाई "स्थिति विवरण पत्र" पनि भनिन्छ ।

**वासलातका दुई पक्ष**

१. पुँजी तथा दायित्व

पुँजी तथा दायित्व भनेको संस्थाका वित्तीय श्रोतहरु हुन् ।

२. सम्पत्ति

सम्पत्ति भनेको श्रोतहरुको प्रयोग हो ।

## पुँजी तथा दायित्व र सम्पत्ति विवरण

| संकेत नं. | पुँजी तथा दायित्व | संकेत नं. | सम्पत्ति |
|---|---|---|---|
| १० | शेयर पुँजी | ८० | नगद |
| २० | कोष हिसाब | ९० | बैंक हिसाब |
| ३० | बचत/निक्षेप | १०० | लगानी हिसाब |
| ४० | वाह्य ऋण | ११० | ऋण लगानी |
| ५० | अनुदान | १२० | पाउनु पर्ने हिसाब |
| ६० | भुक्तानी दिनुपर्ने | १३० | घरजग्गा, फर्निचर,सवारी |
| ७० | अन्य दायित्व, ब्याज मुलतवी | १४० | अन्य सम्पत्ति |
| | कुल | | |

वासलात जहिले पनि शुद्ध हुनुपर्छ ।

# Balance Sheet

## CLEAR & TRANSPARENT

## शुद्ध वासलात

## वासलात शुद्ध नहुने कारणहरु

- ✓ आम्दानीबाट खर्च घटाई निस्कने खुद वचत -नाफा) भन्दा अगाडि कृतिम खर्च गर्नाले खुद वचत घटेर कोष हिसाबमा कमि आउनु ।
- ✓ डु संस्थागत पुँजीको रुपमा रहेका कोषहरु जस्तै घाटापुर्ति कोष, संस्था विकास कोषहरुलाई बाँडेर खाएमा वा खर्च गरेमा ।
- ✓ नगद अपचलन गरेमा ।
- ✓ भाखा नाघेको ऋणको ऋण सुरक्षण नगरेमा ।
- ✓ पाउनु पर्ने हिसाबलाई आम्दानीमा बाँधेमा ।
- ✓ सम्पत्ति सामानको ह्रासकट्टि नगरेमा ।
- ✓ डुबेका ऋणको अपलेखन र खराब सम्पत्ति सामानको राफसाफ नगरेमा
- ✓ लगानी हिसाबको प्रतिफल नआएमा ।
- ✓ वाह्य ऋण बढि भएमा कुल सम्पत्तिको मात्रा बढि देखिने तर किस्ता असुल गर्दै जाँदा कुल सम्पत्ति वृद्धिदर घट्दै जानाले ।

## पुँजी/दायित्व विवरण

१. पुँजी (Capital) :

- क) शेयर पुँजी ( Share Capital)
- ख) संस्थागत पुँजी (Institutional Capital)
- ग) अल्प अस्तित्व पुँजी ( Transitory Capital)

२. दायित्व :

- क) वचत तथा निक्षेप
- ख) वाह्य ऋण
- ग) भूक्तानी दिनुपर्ने
- घ) अन्य दायित्व

## शेयर पुँजी (Share Capital)

- ❖ शेयर पुँजी कुल शेयरको १० प्रतिशत भन्दा बढि खरिद गर्न नदिने।
- ❖ शेयर पुँजी एकैपटक ठुलो परिमाणमा नभई सानो परिमाणमा खरिद गर्न लाउने ।
- ❖ शेयर पुँजी ऋृण परिमाणको आधारमा थप गर्न लगाउने ।
- ❖ ऋृण कारावोर नगर्ने सदस्यलाई वार्षिक रुपमा शेयर पुँजी थप गर्न लगाउने।
- ❖ शेयर पुँजी आंशिक फिर्ता गर्न नहुने ।
- ❖ एउटै सदस्यलाई धेरै परिमाणका शेयर खरिद गर्न नदिने ।

## २) सस्थागत पुँजी( Institutional Capital)

- संस्थाको हक लाग्ने पुँजी ।
- जगेडाकोष, घरजग्गा कोष, बिउ अनुदान, पुरस्कार, खर्च नहुने कोष ।
- संस्थागत पुँजीको स्तर कुल सम्पत्तिको कम्तिमा १० प्रतिशत हुनु पर्ने ।

## संस्थागत पूँजी बृद्धिका उपाय :

- ✓ फरकता दर
- ✓ भारित ब्याज दर वास्तविक खर्चका आधारमा नाफा देखाउने ।
- ✓ खर्च नभएका कोषहरुलाई आ.व.को अन्त्यमा जगेडाकोषमा सार्ने ।
- ✓ व्यवस्थापन शुल्कको ५० प्रतिशत हिस्सा संस्थागत शुल्कको रुपमा लिने ।
- ✓ घरजग्गाकोषको व्यवस्थापन गर्ने ।
- ✓ जगेडाकोषकोप्रतिशतलाई बृद्धि गर्ने।
- ✓ सहकारी शिक्षा कोषको सट्टा तालिम खर्च द्वारा तालिम गरी शिक्षा कोषलाई जगेडाकोषमा सार्ने ।

## ३) वचत निक्षेप

- ✓ एउटा सदस्यका कम्तिमा ३ वटा खाता खाल्ने योजना बनाउँने। जस्तै : नियमित वचत,ऐच्छिक वचत, सम्पत्ति आर्जन वचत ।
- ✓ नियमित वचत वास्तविक वचत भएकाले यसकोफिर्ता जीवनको उत्तरार्द्ध उमेरको आधारमा गर्ने ।
- ✓ ऐच्छिक तथा अन्य निक्षेपकोएक निश्चित रकम खातामा रहनुपर्ने व्यवस्था मिलाउनु पर्ने ।
- ✓ ३ वर्ष भन्दा बढि समयका लागि नियमित वचत वाहेक अन्य वचत नराख्ने । कुल सम्पत्तिको अनुपातमा वचत ७२-७५ प्रतिशत कायम गर्ने ।
- ✓ वचतका उत्पादन सिजर्नशिल तथा नयाँ स्किमको ढाँचा तय गर्ने।

# ४) वाह्य ऋण

- ✓ वाह्य ऋणको स्तर वढिमा ५% मात्र कायम गर्ने ।
- ✓ वाह्य ऋणको किस्ता भन्दा माथि शेयर तथा वचत प्राप्त गरी कुल सम्पत्तिको स्तर घट्न नदिने ।
- ✓ सस्तो व्याजमा पाईयो भन्दैमा वाह्य ऋण ठुलो परिमाणमा नभित्र्याउने।

# ५) भूक्तानी दिनु पर्ने ।

- ✓ ३० दिन भित्र फिर्ता गर्नेरकम भुक्तानी दिनुपर्नेमा राख्ने।
- ✓ भुक्तानी दिनुपर्नेरकम समयमा फिर्ता दिने।
- ✓ भुक्तानी दिनुपर्ने रकमले तरलतामा असर पुऱ्याउँने भएकोले सकेसम्म कम कायम गर्ने ।

# ६) अन्य दायित्व

- ✓ ३० दिन भन्दा बढि समयका लागि फिर्ता गर्ने रकम अन्य दायित्वमा राख्नु पर्ने ।
- ✓ पाउनुपर्ने व्याजको रकमलाई उधारो व्याज अर्थात व्याज मुल्तबिमा देखाई राख्ने ।

# २. सम्पत्ति

## १. नगद हिसाब :

- ✓ काउण्टर नगद र भल्ट नगद दुवै हिसाब नगदमा गर्ने ।
- ✓ नगद कुल सम्पत्तिको १ प्रतिशत वा सो भन्दा कम हुनु पर्ने ।
- ✓ नगद जोखिमयुक्त सम्पत्ति भएकोले यसको विमा गर्नु पर्ने ।
- ✓ यो नकमाउने सम्पत्ति हो ।
- ✓ लागत रहित कोषको रकम यसमा प्रयोग गर्नु पर्दछ ।
- ✓ यो आय आजर्न नगर्ने तरल सम्पत्ति अन्तर्गत पर्दछ ।

## २. बैंक हिसाब :

- ✓ यो दुई प्रकारको हुन्छ, कमाउने अर्थात व्याज प्राप्त गर्न सकिने र नकमाउने अर्थात व्याज प्राप्त गर्न नसकिने।
- ✓ भनेको बेला राख्न सकिने भनेको बेला झिक्न सकिने तर व्याज प्राप्त गर्न सकिने यो तरल लगानी हो ।
- ✓ तरल लगानी १०-२० प्रतिशत सम्म हुनपर्दछ ।

# २. ऋण लगानी

- ❖ ऋण लगानी : ७५ – ८० प्रतिशत
- ❖ शुद्ध ऋण लगानी : ७३ – ७५ प्रतिशत

❑ ऋण लगानी गर्दा ध्यान पुर्‍याउन पर्ने कुराहरु

क) उत्पादनको दृष्टिले

- ✓ उत्पादनमुलक - ७५ प्रतिशत
- ✓ अनुत्पादक - २५ प्रतिशत

ख) क्षेत्रगत दृष्टिले : सदस्यको अवस्था हेरेर तय गर्नु पर्दछ ।

| | |
|---|---|
| व्यापार व्यवसाय - ३० प्रतिशत | कृषि - २५ प्रतिशत |
| उद्योगधन्दा - २० प्रतिशत | घरघडेरी - १५ प्रतिशत |
| अन्य - १० प्रतिशत | |

- ५ वर्ष भन्दा वढि समयावधिको लागि ऋण लगानी नगर्ने ।
- ऋण लगानी किस्तामा गर्ने ।
- एउटा सदस्यलाई प्राथमिक पुँजीकोषको १० प्रतिशत भन्दा बढि लगानी नगर्ने ।
- एउटै परिवारका सदस्यलाई एउटै प्रकृतिको ठुलो परिमाणको ऋण लगानी नगर्ने ।
- सदस्य भएको ९० दिन पुरा भएपछि मात्र ऋण लगानी गर्ने ।
- तरलता कम भएको बेला ठुलो परिमाणका ऋणमा रोक लगाउने ।
- ऋण लगानी गर्दा सुन, चाँदी, शेयर प्रमाण पत्र वा शेयर पुँजी धितो राखि लगानी नगर्ने ।

- सदस्यलाई ऋण शिक्षा प्रदान गर्ने ।
- ऋण लगानी गर्दा सदस्यको आय विवरण, ऋण माग योजना फारम, व्यवसायिक क्षमता जाँच, ऋण अनुसन्धान फारमको व्यवस्था गर्ने ।
- धितो मूल्याङ्कनको ५० देखि ७० प्रतिशतसम्म मात्र लगानी गर्ने ।
- ऋण असलु ी भएको ३ दिन देखि ७ दिन भित्र ऋण लगानी गर्ने ।
- ऋणको नविकरण नगर्ने ।
- ऋण सुरक्षण तथा अपलेखन विधि अपनाउने ।

# ४. स्थिर सम्पत्ति :

## स्थिर सम्पत्तिको प्रकार :

- ह्रासकट्टि नहुने - जग्गा
- ह्रासकट्टि हनु- भवन, फर्निचर,उपकरण, यन्त्र
- स्थिर सम्पत्ति कुल सम्पत्तिको ४ प्रतिशत सम्म कायम गर्ने ।
- ह्रासकट्टि नियमानुसार कटाउने ।

## पुँजी तथा दायित्व र सम्पत्तिको सम्बन्ध

| | |
|---|---|
| १. शेयर पुंजी (१०-२० %) | तरल लगानी (१०-२० %) |
| २. संस्थागत पुंजी (कम्तिमा १० %) | नकमाउने सम्पत्ति ५%<br>ऋण लगानी ५ % |
| ३. लागत रहित कोष (२०० %) | नकमाउने सम्पत्ति(१०० %) |
| ४. वचत/निक्षेप (७०-८० %) | ऋण लगानी (७०-८० %) |
| ५. वाह्य ऋण (५%) | ऋण लगानी तरल लगानी |
| ६. भुक्तानी दिनु पर्ने (५%) | तरल लगानी तरलता |
| ७. अन्य दायित्व व्याज मूल्तबि | पा.प. हिसाब |

## पुँजी तथा दायित्व र सम्पत्तिको सम्बन्ध :

१.शेयर पुँजी व्यवस्थापन र तरल लगानी :

- ✓ शेयर पुँजीको स्तर १०-१२ प्रतिशत सम्म मात्र कायम गर्ने ।
- ✓ शेयर पुँजी बढि हुँदा लाभांस कम र शेयर पुँजी कम हुँदा लाभांस बढि दिन सकिनु ।
- ✓ शेयर पुँजी जति छ त्यो सबै रकम तरल लगानीमा प्रयोग गर्नु पर्छ ।
- ✓ शेयर पुँजी किनेर ल्याएको पैसा भएकोले कमाउने सम्पत्तिमा प्रयोग गर्नुपर्छ ।
- ✓ शेयर पुँजीबाट अपुग तरलता बाह्य ऋण तथा बचतबाट प्रयोग गर्न सक्नुपर्छ
- ✓ शेयर पुँजी बराबरको रकम तरल लगानीमा प्रयोगा गर्दा यसले आम्दानी दर बृद्धि गर्छ ।

## ख) संस्थागत पुँजी,नकमाउने सम्पत्ति र ऋण लगानी

- संस्थागत पुँजी लागत रहितकोष भएकोले यसलाई नकमाउने सम्पत्तिमा प्रयोग गर्नु पर्छ ।
- संस्थागत पुँजी नकमाउने सम्पत्तिमा प्रयागे गदा यसले व्यवसायिक क्षति हुन दिदैन ।
- संस्थागत पुँजी भन्दा नकमाउने सम्पत्तिको स्तर बढि भएमा नकमाउने सम्पत्तिमा कि त शये र पुँजी, कि त वचतको रकम प्रयोग हुन्छ जसले व्यवसायलाई नोक्सान पुऱ्याउँदछ ।

## छलफल



cfo

# THE "PEARLS" MONITORING SYSTEM GOALS

© 2009World Council of Credit Unions

## QUICK KEY TO "PEARLS"

| AREA | PEARL | DESCRIPTION | GOALS (EXCELLENCE) |
|---|---|---|---|
| P = PROTECTION | P1 | Allowance for Loan Losses / Delinquency >12 months | 100% |
| | P2 | Net Allowance for Loan Losses / Delinquency 1-12 months (WOCCU Standard) | 35% |
| | P2X | Net Allowance for Loan Losses / Delinquency 1-12 months (User Defined) | 100% |
| | P3 | Complete Charge-Off of Delinquent Loans >12 mos | Yes |
| | P4 | Annual Loan Charge-offs / Average Loan Portfolio | Minimized |
| | P5 | Accumulated Loan Recoveries/Accumulated Loan Charge-offs | >75% |
| | P6 | Solvency | Min 111% |

| | | | |
|---|---|---|---|
| E = EFFECTIVE FINANCIAL STRUCTURE | E1 | Net Loans/Total Assets | 70-80% |
| | E2 | Liquid Investments / Total Assets | Max 16% |
| | E3 | Financial Investments / Total Assets | Max 2% |
| | E4 | Non-Financial Investments / Total Assets | 0% |
| | E5 | Savings Deposits / Total Assets | 70-80% |
| | E6 | External Credit / Total Assets | Max 5% |
| | E7 | Member Share Capital / Total Assets | Max 20% |
| | E8 | Institutional Capital / Total Assets | Min 10% |
| | E9 | Net Institutional Capital/ Total Assets | Min 10% |

| | | | |
|---|---|---|---|
| A = ASSET QUALITY | A1 | Total Loan Delinquency / Gross Loan Portfolio | <=5% |
| | A2 | Non-Earning Assets / Total Assets | <=5% |
| | A3 | Net Institutional & Transitory Capital + Non Interest-Bearing Liabilities / Non-earning Assets | >200% |

| AREA | PEARL | DESCRIPTION | NORM |
|---|---|---|---|
| R = RATES OF RETURN & COSTS | R1 | Net Loan Income / Average Net Loan Portfolio | Entrepreneurial Rate |
| | R2 | Total Liquid Investment Income / Average Liquid Investments | Market Rates |
| | R3 | Total Financial Investment Income / Average Financial Investments | Market Rates |
| | R4 | Total Non-Financial Investment Income / Average Non-Financial Investments | >= R1 |
| | R5 | Total Interest Cost on Savings Deposits / Average Savings Deposits | Market Rates >Inflation |
| | R6 | Total Interest Cost on External Credit / Average External Credit | Market Rates |
| | R7 | Total Interest (Dividend) Cost on Shares / Average Member Shares | Market Rates >= R5 |
| | R8 | Total Gross Income Margin / Average Total Assets | Amount Needed to Cover R10, R12 |
| | R9 | Total Operating Expenses / Avg. Total Assets | <=5% |
| | R10 | Total Loan Loss Provision Expense / Average Total Assets | Dependent on Delinquent Loans |
| | R11 | Non-Recurring Income or Expense / Average Total Assets | Minimum |
| | R12 | Net Income / Average Total Assets (ROA) | Dependent on E8 |
| | R13 | Net Income / Avg. Institutional + Avg. Trans Capital (ROC) | > Inflation Rate |

| | | | |
|---|---|---|---|
| L = LIQUIDITY | L1 | S.T Investments + Liquid Assets - S.T. Payables / Savings Deposits | Min 15% |
| | L2 | Liquidity Reserves / Savings Deposits | 10% |
| | L3 | Non-Earning Liquid Assets / Total Assets | <1% |

| | | | |
|---|---|---|---|
| S = SIGNS OF GROWTH | S1 | Growth in Loans to Members | Dependent on E1 |
| | S2 | Growth in Liquid Investments | Dependent on E2 |
| | S3 | Growth in Financial Investments | Dependent on E3 |
| | S4 | Growth in Non-Financial Investments | Dependent on E4 |
| | S5 | Growth in Savings Deposits | Dependent on E5 |
| | S6 | Growth in External Credit | Dependent on E6 |
| | S7 | Growth in Share Capital | Dependent on E7 |
| | S8 | Growth in Institutional Capital | Dependent on E8 |
| | S9 | Growth in Net Institutional Capital | Dependent on E9 |
| | S10 | Growth in Membership | Minimum 15% |
| | S11 | Growth in Total Assets | >Inflation + 10% |

# आम्दानी खर्च व्यवस्थापन

# Income ExPenditure Management

# आम्दानी

?

# आम्दानी

१. व्याज आम्दानी
- ✓ ऋण लगानी बाट
- ✓ बैक बाट

२. गैर व्याज आम्दानी
- ✓ प्रवेश शुल्क
- ✓ व्यवस्थापन शुल्क
- ✓ तरल लगानी बाट आम्दानी

# खर्च

?


# खर्च

१. ब्याज खर्च
२. कर्मचारी प्रशासन खर्च
३. कार्यालय संचालन खर्च
४. ह्रासकट्टी खर्च
५. कर्जा नोक्सानी कोष व्यवस्था खर्च









आय विवरण र नाफामा असर :

आय विवरण

कुल आम्दानी (दर)

- कुल वित्तीय खर्च (दर)

कुल आय फरकता (दर)

- सञ्चालन खर्च (दर)

सुरक्षण खर्च अघिको आय(-दर)

- ऋण सुरक्षण/अपलेखन खर्च (दर)

आयकर अघिको आय (दर)

- आयकर खर्च (दर)

≠ खुद वचत आय विवरणलाई औसत कुल सम्पत्तिको अनुपातमा विश्लेषण गर्ने ।

# आम्दानी बृद्धिका उपायहरु ?

क) आम्दानी बृद्धिका उपायः

- ऋण लगानी कुल सम्पत्तिको ८०% र शुद्ध ऋण लगानी कम्तिमा ७५% गर्ने ।
- ऋण असुलीदर १००% कायम गर्ने ।
- कुल सम्पत्तिको अनुपातमा १% भन्दा कम तरल सम्पत्ति कायम गर्ने ।
- तरलता रकमलाई बैंक वचत खातामा राख्ने ।
- भाखा नाघेको ऋण ५% भन्दा कम कायम गर्ने ।
- आर्थिक लगानी तथा गैर वित्तीय लगानीका आम्दानी समयमा वाड्ने
- पाउनुपर्ने व्याज सके सम्म समयमा उठाउँने ।
- भाखा नाघेको ऋण कम भन्दा कम कायम गर्ने ।

# ख) वित्तीय खर्च र फरकता दर :

- वित्तीय खर्च भित्र वचतको व्याज र वाह्य ऋणको व्याज पर्दछ ।
- औसत वित्तीय खर्चदर तय गर्दा वाह्य ऋणको उत्पादनलाई एउटा उत्पादन मानी हिसाब गर्ने ।

**वचतको मात्र उत्पादन तय गर्दा :**

| वचतको व्याजदर | ऋणको व्याजदर |
|---|---|
| ५ | ११ |
| ५.५ | ११.५ |
| ६ | १२ |
| ६.५ | १२.५ |
| ७ | १३ |
| ७.५ | १३.५ |
| ८ | १४ |
| ७)४५.५(६.५ | ७)८७.५(१२.५ |

तय गरिएको फरकतादर = १२.५-६.५ = ६%

वाह्य ऋणको व्याजदर ८% छ भने अब वचतको

कुल योग ४५.५+८ = ५३.५

८)५३.५(६.६८

औसत वित्तीय फरकतादर = १२.५-६.६८ = ५.८२

- वाह्य ऋण भित्र्याउँदा फरकतादरमा क्षति हुन्छ ।
- फरकतादरमा क्षति हुँदा नाफा घट्छ ।
- वाह्य ऋण कुल सम्पत्तिको अनुपातमा बढीमा ५% हुँदा खास क्षति हुदैन तर सो भन्दा बढि भएमा असर गर्दछ ।

फरकता = ऋणबाट प्राप्त व्याज-जम्मा वित्तीय खर्च

$$\text{फरकतादर} = \frac{\text{फरकता} \times १००}{\text{औसत वचत तथा ऋण}}$$

$$\text{औसत वचत तथा ऋण} = \frac{\text{वचत तथा वाह्य ऋण} + \text{ऋण लगानी}}{२}$$

## सञ्चालन खर्च व्यवस्थापन :

- संस्था सञ्चालन गर्दा लाग्ने खर्च नै सञ्चालन खर्च हो ।
- कर्मचारी खर्च (Personal Cost)
- शासन खर्च (Governance Cost)
- बजार खर्च (Marketing Cost)
- ह्रास खर्च (Depreciation Cost)
- प्रशासनिक खर्च (Administration cost)

- सञ्चालन खर्च औसत कुल सम्पत्तिको बढिमा ५% कायम गर्ने
- सञ्चालन खर्च कम हुँदा कर्मचारी सुविधा कम र पश्च ासनिक व्यवस्था कमजोर हुन्छ ।
- सञ्चालन खर्च वढि हुँदा नाफामा प्रत्यक्ष असर पर्दछ ।
- संस्थाको पारविन्दु (Break Even) को अवस्था सम्म सञ्चालन खर्च उच्च हुन्छ ।
- सदस्य सख्या कम र कलु सम्पत्ति कम हुँदा सञ्चालन खर्च उच्च हुन्छ ।
- सञ्चालन खर्च २.५% देखि ३% सम्म हुँदा नाफादर उच्च कायम गर्न सकिन्छ ।

## कर्मचारी खर्च :

- ३०० सदस्य ६०० खाता = १ कर्मचारी
- प्रविधियुक्त संस्थामा ५०० सदस्य = १ कमर्चारी
- सञ्चालन खर्चको - ५०% कर्मचारी सेवा सुविधा
  - ✓ १५% प्रशासनिक खर्च
  - ✓ १५% बैंठक, साधारण सभा
  - ✓ १०% ह्रास खर्च
  - ✓ १०% अन्य

## कोष हिसाब व्यवस्थापन :

- खुद वचतको २५%जगेडा कोषमा राख्ने ।
- बाँकीलाई १००% मानी संरक्षित पूँजी फिर्ता कोषमा २५% छुट्याउने ।
- ०.५% सहकारी प्रर्वद्धन कोषमा छुट्याउने । वचतलाई १००% मानी कोषमा वितरण गरिन्छ ।
- शेयर लाभांस कोष ६५%
- संस्था बिकास कोष ५%
- कर्मचारी वोनस कोष १०%
- सदस्य शिक्षा कोष ५%
- घाटापूर्ति कोष ५%
- सामुदायिक बिकास कोष ५ %
- स्थिरीकरण कोष ५ %

संस्थाको कुनै एक आर्थिक वर्षको खुद वचत (नाफा) को कम्तीमा २५% रकम जगेडा कोषमा जम्मा गर्नु पर्ने अनिवार्य प्रावधान सहकारी ऐन २०७४ को दफा ६८ ले गरेको छ । यसरी नाफाको २५% रकम जगेडा कोषमा छुट्याएपछि वाँकि रहन आएको ७५% रकमलाई १०० % मानि संरक्षित पंजि फिर्ता कोषमा समेत कम्तीमा २५% र सहकारी पर्बद्धन कोषमा ०.५% रकम छुट्याई बांकी रकमबाट सहकारी संस्थाको बिनियम बमोजिम अन्य कोषहरुमा वांडफांड गरिने छ । सहकारी नियमावलि २०७५ मा देहाय अनुसारका कोषहरु खडा गर्न सकिने व्यवस्था गरिएको छ ।

**१) जगेडा कोष :** संस्थाको आर्थिक स्थिति सदुढ गर्न खडा गरिएको कोषलाई जगेडा कोष भनिन्छ । यो कोषको रकम मुख्यत: संस्थाको सम्पत्ति वृद्धि गर्ने, चालु पूंजीको रुपमा प्रयोग गर्ने तथा संस्थाको स्थायी सम्पत्ति खरिद वा निर्माण कार्यमा उपयोग गर्न सकिन्छ । संचालक समितिको दुई तिहाई वहुमतको निर्णयले मात्र यस कोषको रकम खर्च गर्न सकिनेछ ।

**२) अन्य कोष :** सहकारी संस्थाले आर्जन गरेको खूद वचत मुनाफावाट निश्चित उद्देश्य पूर्तिका लागि खडा गरिएको कोषलाई अन्य कोष भनिन्छ। तोकिएको उद्देश्य वाहेक अन्य प्रयोजनका लागि यी कोषहरुको रकम खर्च गर्न सकिदैन । यी कोषहरुलाई संस्थाको विनियम अनुसार वर्गिकरण गरि वांड्फांड गरिन्छ ।

**क) शेयर लाभांस कोष :** यस कोषमा रहेको रकम मध्येवाट प्रत्येक वर्ष शेयर पूंजिको वढीमा १८% सम्मको रकम शेयर सदस्यहरुलाई वितरण गर्न सकिनेछ। शेयर पूंजीको १८% लाभासं वितरण गरि वाकि रहेको रकम जगेडा कोषमा लग्नुपर्दछ।

**ख) संरक्षित पूंजी फिर्ता कोष :** यस कोषमा रहेको रकम कारोवारमा संलग्न सदस्यहरुकोवीचमा कारावोरका अनुपातको आधारमा वितरण गरिनु पर्छ।

**ग) सहकारी शिक्षा कोष :** यस कोषमा रहेको रकम सहकारी शिक्षा, तालिम, भ्रमण कार्यमा खर्च गरिन्छ।

**घ) सहकारी विकास कोष :** यस कोषमा रहेको रकमवाट सहकारीको विकासका लागि रकम खर्च गर्न सकिन्छ।

**ङ) कर्मचारी वोनस कोष :** यस कोषको रकम मध्येवाट कमर्चारीहरुलाई प्रोत्साहन स्वरुप वढीमा तीन महिनाको तलव वरावरको रकम समितिको निर्णय अनुसार वोनस दिने गरिन्छ।

**च) घाटा पूर्ति कोष :** सहकारी संस्था कुनै वर्ष नोक्सान भएमा यस कोषबाट घाटा पूर्ति गरिनेछ।

**ङ) सामुदायिक विकास कोष :** यस कोषमा रहेको रकमवाट सामुदायिक विकासका लागि रकम खर्च गर्न सकिन्छ।

**च) स्थिरीकरण कोष :** यस कोषको रकमवाट स्थिरीकरण कोषमा रकम पठाईनेछ।

**५) अन्य जोखिम कोष :** अन्य जोखिमका लागि यो कोषबाट खर्च गरिन्छ।

## व्याजदर निर्धारण

आधारदरबाट व्याजदर निर्धारण ऋणी सदस्यहरुमा समान रुपले लागुहुने ऋणको व्याजदर निर्धारणका तत्वहरु समावेश गरिएको दर नै आधारदर हो । आधार दर भन्दा कम व्याज दर लागु गर्नु हुदैन ।

## व्याजदर निधार्रणका तत्वहरु

क) सञ्चालन लागत

ख) तरलता लागत

ग) नकमाउने बाँकी सम्पत्ति लागत

घ) वित्तीय लागत

ङ) जोखिम लागत

- ऋणको व्याजले यी सबैलागत धानेर नाफा कायम गर्नु पर्दछ ।
- सञ्चालन खर्च सबै तत्वहरुको आधार हो ।
- सञ्चालन खर्चको आधारमा अन्य तत्वहरुको लागत निकालिन्छ ।
- निक्षेप लागत भन्दा माथि वचत निक्षेपको व्याजदर कायम गर्नु पर्छ ।


- ऋणको व्याजले यी सबैलागत धानेर नाफा कायम गर्नु पर्दछ ।
- सञ्चालन खर्च सबै तत्वहरुको आधार हो ।
- सञ्चालन खर्चको आधारमा अन्य तत्वहरुको लागत निकालिन्छ ।
- निक्षेप लागत भन्दा माथि वचत निक्षेपको व्याजदर कायम गर्नु पर्छ ।

यस वर्षको कुल सम्पत्ति = ५००००० 
गत वर्षको कुल सम्पत्ति = ४००००० 
औसत कुल सम्पत्ति = ४५०००० 
सञ्चालन खर्च = १३५०० 
तरलता = ५०००० 
नकमाउने बाँकी सम्पत्ति = २०००० 
ऋण लगानी = ३५०००० 
भाखा नाघेको ऋण = २०६०० 
निक्षेप = ३७५०००

१) सञ्चालन लागत = सञ्चालन खर्च X १०० / औसत कुल सम्पत्ति 
= १३५००X१०० / ४५०००० = ३%

२) तरलता लागत = तलरता X सञ्चालन लागत दर 
= ५००००X ३% 
= १५०० 

तरलता लागतदर = तरलता लागत X १०० / औसत कुल सम्पत्ति 
= १५००X१०० / ४५०००० = ०.३३%

३) बाँकी नकमाउने सम्पत्ति लागत = नकमाउने सम्पत्ति X सञ्चालन खर्च दर 
= २००००X ३% 
= ६०० 

नकमाउने लागतदर = नकमाउने सम्पत्ति लागत X १०० / औसत कुल सम्पत्ति 
= ६००X१०० / ४५०००० = ०.१३%

४) वित्तीय लागत = वचत निक्षेप X सञ्चालन खर्च दर 
= ३७५०००X ३% 
= ११२५० 

वित्तीय लागतदर = वचत निक्षेप लागत X १०० / औसत कुल सम्पत्ति

## ५) जम्मा लागत दर :

- सञ्चालन खर्च दर = ३.०
- तरलता लागत दर = ०.३३
- बाँकी नकमाउने सम्पत्ति लागत दर = ०.१३
- वित्तीय लागत दर = २.५५

आधारदर = ६.०१

६) जोखिम लागत = भाखा नाघेको ऋणXसञ्चालन खर्च दर

= २०६००X ३%

= ६१८

$$\text{जोखिम लागतदर} = \frac{\text{जोखिम लागत} \times १००}{\text{औसत कुल सम्पत्ति}}$$

$$= \frac{६१८ \times १००}{४५००००}$$

= ०.१४%

## जम्मा आधार दर :

आधार दर + जोखिम लागत दर

= ६.०१ + ०.१४

= ६.१५%

६.१५% भन्दा कम ऋणको व्याजदर कायम गर्नु हुदैन ।

| विवरण | वचतको व्याजदर | फरकता दर | ऋणको व्याजदर |
|---|---|---|---|
| आधार | २.५५ | | ६.१५ |
| शुन्यान्त | ३ | | ७ |
| कम व्याजदर | ३ | ६ | ९ |
| सतही दर | ३ | | |
| बढि व्याजदर | ६ | ६ | १२ |

### विभिन्न उत्पादनका व्याजदर

| सतहीदर | वचतको व्याजदर | फरकता दर | ऋणको व्याजदर |
|---|---|---|---|
| | ३ | ६ | ९ |
| | ३.५ | | ९.५ |
| | ४ | | १० |
| ३ | ४.५ | | १०.५ |
| | ५ | | ११ |
| | ५.५ | | ११.५ |
| | ६ | | १२ |
| | ७)३१.५(४.५ | | ७)७३.५(१०.५ |

# फरकता दर

ऋणको व्याजदर– वचतको व्याजद

= १०.५ – ४.५

= ६%

## व्याजदर निर्धारणमा ध्यान दिनुपर्ने कुरा:

- फरकता दर औसत ६% कायम गर्ने ।
- सतहिदर (Slab Rate) ३% कायम गर्ने ।
- आधारदरमा जोखिम दर समावेश गरी कुल आधार दर कायम गर्ने ।
- वित्तीय दर र आधारदरलाई शुन्यान्त कायम गर्ने
- शुन्यान्त दरलाई न्यूनतम व्याजदर मान्ने ।

## व्याजदर निर्धारणमा ध्यान दिनुपर्ने कुरा:

- न्यूनतम वित्तीय लागतदरमा फरकतादर जोडि ऋणको न्यूनतम व्याजदर कायम गर्ने ।
- शुन्यान्त वित्तीय लागतदरमा सतहीदर जोडि वचतको अधिकतम व्याजदर कायम गर्ने सो दरमा फरकता दर जोडि अधिकतम ऋणको व्याज निकाल्ने ।
- आधारदरको विश्लेषण त्रैमासिक रुपमा गर्ने ।
- बजारदरको त्रैमासिक रुपमा सर्वेक्षण गर्ने ।

## व्याजदर निर्धारणमा ध्यान दिनुपर्ने कुरा:

- न्यूनतम वित्तीय लागतदरमा फरकतादर जोडि ऋणको न्यूनतम व्याजदर कायम गर्ने ।
- शुन्यान्त वित्तीय लागतदरमा सतहीदर जोडि वचतको अधिकतम व्याजदर कायम गर्ने सो दरमा फरकता दर जोडि अधिकतम ऋणको व्याज निकाल्ने ।
- आधारदरको विश्लेषण त्रैमासिक रुपमा गर्ने ।
- बजारदरको त्रैमासिक रुपमा सर्वेक्षण गर्ने ।

## ब्याजदर निर्धारणका आधारहरु :

✓फरकता ब्याजदर

✓भारित ब्याजदर

- ऋणको ब्याजदर र बचतको ब्याजदर विचको फरकलाई फरकता दर (Spread Rate) भनिन्छ । यसलाई क्षितिजिय दर (Horizontal Rate) पनि भनिन्छ ।
- एउटा उत्पादन र अर्को उत्पादन विचको ब्याजदरको फरकलाई सतही दर (Slab Rate) भनिन्छ । यसलाई ठाडो दर (Vertical Rate) पनि भनिन्छ ।


- ऋणको ब्याजदर र बचतको ब्याजदर विचको फरकलाई फरकता दर (Spread Rate) भनिन्छ । यसलाई क्षितिजिय दर (Horizontal Rate) पनि भनिन्छ ।
- एउटा उत्पादन र अर्को उत्पादन विचको ब्याजदरको फरकलाई सतही दर (Slab Rate) भनिन्छ । यसलाई ठाडो दर (Vertical Rate) पनि भनिन्छ ।